संघीय संसद
प्रतिनिधि सभा
सातौं अधिवेशन
बैठक संख्या - ३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ साल चैत ३ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १० को उपनियम (१) बमोजिम सभामुख तथा उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्नको लागि निम्नलिखित मा० सदस्यहरुको नाम मनोनयन गर्नुभयो ।

(१) मा० श्री डिला सँग्रौला (पंत)
(२) मा० श्री मान बहादुर विश्वकर्मा
(३) मा० श्री राधा कुमारी ज्ञवाली
(४) मा० श्री रेखा शर्मा
(५) मा० श्री रेनु कुमारी यादव
(६) मा० श्री लालबाबु पण्डित
(७) मा० श्री सोमप्रसाद पाण्डेय

तदुपरान्त सम्माननीय सभामुखले मिति २०७७ असार २४ गते तत्कालिन समाजवादी पार्टी संसदीय दलका प्रमुख सचेतकबाट उक्त दलको तर्फबाट समानुपातिक सदस्यको रुपमा निर्वाचित प्रतिनिधि सभा सदस्य सरिता गिरीले दलले जारी गरेको निर्देशन उल्लंघन गरेकोले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३२ को उपदफा (५) बमोजिम पदमुक्त गरिदिन भनी पत्र प्राप्त भएकोले नेपालको संविधानको धारा ८९ बमोजिम प्रतिनिधि सभा सदस्य सरिता गिरीको स्थान रिक्त हुन आएको भनी मिति २०७७ असार २५ गते सूचनापत्र-४ प्रकाशित गरिसकिएको र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३५ को उपदफा (२) बमोजिम सो सम्बन्धमा बैठकलाई जानकारी गराउनु भयो । साथै सम्माननीय सभामुखले प्रतिनिधि सभा सदस्य श्री ज्ञानकुमारी छन्त्यालको मृत्यू भई रिक्त स्थानमा २०७७ असार ३० गते मा० श्री सुवर्ण जुहारचन, प्रतिनिधि सभा सदस्य श्री सरिता गिरी पदमुक्त भई रिक्त स्थानमा मिति २०७७ साउन १२ गते मा० श्री लिलादेवी सिटौला र प्रतिनिधि सभा सदस्य श्री सूर्यबहादुर के.सी.को मृत्यु भई रिक्त स्थानमा मिति २०७७ मंसिर ४ गते मा० श्री मोहनप्रसाद पाण्डे समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुनुभएको पत्र निर्वाचन आयोगबाट प्राप्त भै उहाँहरुको शपथ ग्रहणसमेत भैसकेकोले प्रतिनिधि सभाको बैठकमा नवआगन्तुक माननीय सदस्यहरुलाई आफ्नो व्यक्तिगत र सिंगो सदनको तर्फबाट हार्दिक स्वागत गर्दै कार्यकाल सफलताको शुभकामना समेत दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले संविधान सभा सदस्य दिनेशचन्द्र यादवको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सभाबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक २०७० सालको संविधान सभा सदस्य निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट बाँके क्षेत्र नं. २ बाट निर्वाचित सदस्य एवं पूर्व खानेपानी तथा सरसफाई राज्यमन्त्री दिनेशचन्द्र यादवको ७५ वर्षको उमेरमा मिति २०७७ साल माघ १ गते बिहीबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

त्यसपछि सभाले स्वर्गीय दिनेशचन्द्र यादवको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदुपरान्त बैठक २०७७ साल चैत ३ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी दिनको १:१० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव